annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १९४, पृष्ठ १० | काठमाडौं, शुक्रबार ५ मंसिर २०८२ | मार्ग शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | FRIDAY, NOVEMBER 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# साढे २ अर्बको मातृशिशु भवन अलपत्र, सञ्चालनको छैन टुंगो



३ वर्षमा बनाउने भनिएको भवन १० वर्षमा पूरा भयो । राज्यको साढे २ अर्ब बढी खर्च भइसक्यो । तर, बीपी प्रतिष्ठानले मातृशिशु भवनबाट सेवा सुरु गर्न सकेन । प्रतिष्ठानका पदाधिकारीबीचको बेमेल, आपसी मनमुटावले उक्त भवन सञ्चालनमा समस्या उत्पन्न भएको हो । तर, प्रतिष्ठानका पदाधिकारी स्वास्थ्यमन्त्रीले सिनेट बैठक नबोलाउँदा अस्पताल सञ्चालन हुन नसकेको आरोप लगाउँछन् ।

रत्नप्रसाद आचार्य | *सुनसरी*
- को रिपोर्ट

समाचार पृष्ठ २

| लागत | सुरु लागत अनुमान | क्षमता | सञ्चालनका लागि बजेट निकासा | ठेकेदारलाई भुक्तानी | ठेकेदारलाई भुक्तानी बाँकी | बनेका संरचना |
|---|---|---|---|---|---|---|
| २ अर्ब ४९ करोड | ७६ करोड ९० लाख २७ हजार ३८ रुपैयाँ | ४०० बेड | ५० करोड | १ अर्ब ७८ करोड | १० करोड ७ लाख | भवनका ६ वटा ब्लक, प्रसूति कक्ष, पीडियाट्रिक वार्ड, एनआईसीयू/पीआईसीयू सुविधा, अत्याधुनिक अपरेशन थिएटर, आकस्मिक कक्ष |

## चेनीको अन्त्येष्टिमा ट्रम्पलाई गरिएन निम्तो

**वासिङ्टन डीसी** (एजेन्सी) : अमेरिकाका पूर्वउपराष्ट्रपति डिक चेनीको बिहीबार गरिएको अन्त्येष्टिमा राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भान्सलाई निम्तो गरिएन। अमेरिकी राजनीतिका चर्चित व्यक्तित्वमध्येका एक चेनीको अन्तिम बिदाइमा वासिङ्टन डीसीमा दुवै दलका पूर्वराष्ट्रपति र राजनीतिज्ञहरू सम्लग्न रहे पनि ट्रम्प र भान्सलाई भने बोलाइएन।

वासिङ्टनको राष्ट्रिय क्याथेड्रलमा पूर्ण सैन्य सम्मानका साथ भएको अन्त्येष्टिमा १ हजारभन्दा बढीको उपस्थिति रह्यो। जसमा चारै जना जीवित पूर्वउपराष्ट्रपतिहरू र दुई पूर्वराष्ट्रपति उपस्थित थिए। पूर्वराष्ट्रपतिहरू जर्ज डब्लु बुस र जो बाइडेनका साथै पूर्वउपराष्ट्रपतिहरू कमला ह्यारिस, माइक पेन्स, अल गोर र ड्यान क्वेलले श्रद्धाञ्जलि अर्पण गरे।

सन् २००१ देखि २००९ सम्म बुसको उपराष्ट्रपतिको रूपमा सेवा गरेका चेनीको नोभेम्बर ३ मा ८४ वर्षको उमेरमा मृत्यु भएको थियो। उपराष्ट्रपति निर्वाचित हुनुअघि, चेनीले रक्षा सचिव, ह्वाइट हाउसका प्रमुख कर्मचारी र वायोमिङको प्रतिनिधित्व गर्ने कंग्रेस सदस्यको रूपमा सेवा गरेका थिए।

## जलवायुका विषयमा ट्रम्प अनुदार

**नितु घले** | *काठमाडौं*

जलवायु सम्मेलन कोप (कम्फेरेन्स अफ पार्टिज) को ३० वर्षे इतिहासमा पहिलोपटक अमेरिका अनुपस्थित भयो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जलवायु सम्मेलन एउटा 'वाइयत भेला र ग्रिन स्क्याम' मात्र भएको टिप्पणी गरे।

ब्राजिलको वेलेम सहरमा १० नोभेम्बरबाट सुरु भएको कोपको ३० औं संस्करणमा करिब २ सय मुलुकका प्रमुख र प्रतिनिधिहरू भेला भएका छन्। उनीहरू जलवायुका विषयमा बहस मन्थन गरेर महत्त्वपूर्ण निष्कर्ष निकाल्न प्रतिबद्ध छन्। तर, त्यस्तो महत्त्वपूर्ण भेलामा उनी सहभागी नहुनु र एक जना प्रतिनिधिसमेत नपठाउनुले ट्रम्प प्रशासन जलवायुका विषयमा कति अनुदार छन् भन्ने प्रष्ट्याएको विज्ञहरू बताउँछन्।



'कोप सम्मेलन वाइयत भेला र ग्रिन स्क्याम मात्रै'

वरिष्ठ जलाधरविज्ञ तथा जलवायुमा चासो राख्ने मधुकर उपाध्याय भन्छन्, 'अमेरिकाले जस्तै अन्य मुलुकले पनि यस्ता सम्मेलनबाट हात झिक्दै जाने हो भने सम्मेलनको औचित्य के हुन्छ? अमेरिकीहरूले अलि अगाडिदेखि नै कम ध्यान दिएको हामीले बुझेनौं। पैसाको कुरा आउनेबित्तिकै उनीहरूले हात झिक्ने कुरा गरे।'

ट्रम्प अघिल्लो सरकारमा रहँदा पनि पेरिस सहमतिबाट पछि हट्न खोजेको प्रसंग निकाल्दै उनले भने, 'यसपटक पेरिस सहमतिबाट हात झिके, विश्वमाझ यसको सन्देश नराम्रो गयो। कोपको अर्थ धेरै रहँदैन।' पूर्वराष्ट्रपति बाराक ओबामाका पालामा पेरिस सहमति भएको थियो। पूर्वराष्ट्रपति जो बाइडेनको सरकारले पनि जलवायु सम्मेलनलाई कम ध्यान दिएको उपाध्याय बताउँछन्।

» बाँकी पृष्ठ ५

## घरजग्गा कारोबार : बागमती र कर्णालीमा घट्यो, अन्त झिनो सुधार

**ममता थापा** | *काठमाडौं*

घरजग्गा कारोबारमा बागमती र कर्णाली प्रदेशमा गिरावट देखिएको छ। अरू ५ प्रदेशमा भने झिनो सुधार देखिएको छ। घरजग्गा रजिष्ट्रेसनको आधारमा लुम्बिनी, मधेस, सुदूरपश्चिम, गण्डकी र कोशी प्रदेशमा घर जग्गा कारोबारमा उच्च वृद्धि देखिएको छ। बागमती र कर्णालीमा भने उल्लेखनीय गिरावट आएको छ।

नेपाल राष्ट्र बैंकका प्रदेशगत शाखा कार्यालयले गरेको आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदनअनुसार बागमती र कर्णालीबाहेकका प्रदेशमा घरजग्गाको खरिद बिक्रीले केही गति लिएको देखाएको छ। आर्थिक वर्ष ०८१/८२ मा अधिकांश प्रदेशमा नक्सापास संख्या घट्ने प्रवृत्ति रहेको प्रतिवेदनले औंल्याएको छ। कारोबार घट्दा राजस्व पनि घट्दै गएको देखिएको छ।

बागमती, कर्णाली, कोशी, गण्डकी, लुम्बिनी र मधेसमा जग्गा खरिद बिक्रीवापतको राजस्व संकलनमा कमी आएको प्रतिवेदनले जनाएको छ। सुदूरपश्चिममा रियलस्टेट बजार सबैभन्दा सक्रिय छ भने बागमतीमा खस्किँदो गतिमा छ। पहाडी तथा भौगोलिक रूपमा दुर्गम जिल्लामा निर्माण तथा नक्सा पास न्यून रहेको प्रतिवेदनले देखाएको छ।



सातै प्रदेशमा सार्वजनिक निर्माण तथा घरजग्गा (रियलस्टेट) क्षेत्रको अवस्थामा आर्थिक वर्ष ०८१/८२ मा उल्लेखनीय उतार-चढाव देखिएको छ। कतिपय प्रदेशमा घरजग्गा रजिष्ट्रेसन तथा राजस्व संकलनमा वृद्धि देखिएको छ भने केही प्रदेशमा यस क्षेत्रमा निरन्तर गिरावट आएको केन्द्रीय बैंकले जनाएको छ। यथार्थ मूल्यांकन घट्नु, आर्थिक गतिविधिमा सुस्तता, बैंकिङ क्षेत्रको कर्जामा कमी आउनु, पहाडी जिल्लामा निर्माण परम्परा कमजोर जस्ता कारणहरूले घरजग्गा कारोबारमा उतारचढाव देखिएको प्रतिवेदनमा उल्लेख छ।

» बाँकी पृष्ठ ५

asianpaints

मेहनतको रङ्ग झल्किन्छ
उडान भर्ने सपनामा
खुशी छर्ने आफ्नामा
मेहनतको रङ्ग झल्किन्छ

अविरल वर्षा होस्
या टन्टलापुर घाम
मायाले सबै सहिदिन्छ
मेहनतको रङ्ग झल्किन्छ

बाधा अड्चनलाई छेकिरहनु
सालौंसाल चलिरहनु
क्या खुब सदावहार यो टिक्दछ
मेहनतको रङ्ग झल्किन्छ

हाम्रो खुशीका निम्ति
निरन्तर परिश्रम गर्दछ
उसकै उज्यालो निखार
घर आँगनमा चम्किन्छ

मेहनतको रङ्ग, सपना झैं
वर्षौं वर्ष झल्किन्छ

APEX
ULTIMA